## नगर उप-प्रमुख सुस्मिता सापकोटाले

## १३ औँ नगर सभामा प्रस्तुत गर्नु भएको

### शारदा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को

# बजेट वक्तव्य


शारदा नगरपालिका, सल्यान

२०८० असार ९

**आदरणीय नगरसभाका अध्यक्ष तथा नगरसभाका सदस्यज्यूहरु,**

(१) यस गरिमामय नगर सभामा शारदा नगरपालिकाको उप-प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८०/८१ को वजेट प्रस्तुत गर्न पाउँदा गर्वको महसुस गरेको छु।

(२) यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि ज्यानको आहुति दिने ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न आन्दोलनका घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति सम्मान प्रकट गर्न चाहन्छु। लोकतन्त्र, गणतन्त्र र संघीयता प्राप्तीको अभियानमा नेतृत्व गर्ने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुले पुऱ्याउनुभएको योगदानप्रति आभार व्यक्त गर्दछु।

(३) शारदा नगरपालिकाको विकास, समुन्नति र समृद्धि नै हाम्रो मुख्य गन्तव्य हो। हामीले नेतृत्व गरेको अवका ४ वर्षमा हामी हाम्रा चुनावी प्रतिवद्धताको नजिक नजिक पुग्ने प्रयास गर्नेछौ। जनताले अनुमोदन गरेका हाम्रा चुनावी प्रतिवद्धताहरु नै हाम्रा मार्गनिर्देशन हुन्।

(४) युगान्तकारी परिवर्तनको जगमा बसेर आर्थिक, सामाजिक, साँस्कृतिक लगायत सबै प्रकारका विभेद, अशिक्षा, गरिबी, पछौटेपनको अन्त्य गर्दै शारदा विकासको महाअभियानमा अगाडि वढ्न **'खुसी जनता : समृद्ध शारदा'** भन्ने सोचका साथमा जनताका चाहना एवम् आवश्यकतामा केन्द्रीत भएर हामीले काम गरेका छौ।

(५) यस शारदा नगरपालिकाको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु, स्थानीय तहमा वजेट तर्जुमा दिग्दर्शन, संघीय र प्रादेशिकको आवधिक विकास योजना, उपलब्ध स्रोत साधन, निर्वाचनको समयमा नागरिक समक्ष गरिएका घोषणा र प्रतिवद्धता, राजनीतिक दल, संघ संस्था, आम नागरिक, नागरिक समाज, सम्बन्धित सरोकारलगायत सबैबाट प्राप्तसझावलाई समेत आधार बनाएको छु।

**आदरणीय नगरसभा अध्यक्ष तथा नगरसभा सदस्यहरु,**

अब म आर्थिक बर्ष २०८०/८१ को लागि विनियोजित बजेटको विवरण सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु।

(६) अब म यहाँहरु समक्ष आर्थिक वर्ष २०८० /८१ को अनुमानित आय र व्यय विवरण प्रस्तुत गर्न चाहन्छु । यस आर्थिक बर्षको कुल वजेट रु. ६८ करोड ६३ लाख १० हजार ७१ अनुमान गरिएको छ।

(७) आन्तरिक श्रोतबाट रु. २ करोड ६३ लाख, स्थानीय तह राजश्व बाँडफाँडवाट रु. ४५ लाख, अ.ल्या. बैक मौज्दात रु. ९९ लाख गरी कुल आन्तरिक आम्दानी रु. ४ करोड ७ लाख अनुमान गरिएको छ।

(८) संघीय सरकारबाट प्राप्त हुने अनुदानहरुमा संघिय समानिकरण अनुदान रु. ११ करोड ५० लाख, संघिय सशर्त अनुदान रु. ३२ करोड ७ लाख, संघिय समपुरक अनुदान रु. ८० लाख, संघिय विशेष अनुदान रु. ९० लाख र राजश्व बाँडफाड रकम रु ११ करोड ०९ लाख ६७ हजार गरी ५६ करोड ३६ लाख ६७ हजार अनुमान गरिएको छ।

(९) प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरुमा प्रदेश समानिकरण अनुदान रु. १ करोड ३३ लाख ४८ हजार, प्रदेश सशर्त अनुदान रु. ४ करोड ७६ लाख २८ हजार, प्रदेश समपुरक अनुदान रु. १ करोड ४४ लाख, प्रदेश विशेष अनुदान रु.४० लाख र प्रदेश राजश्व बाँडफाड रकम २५ लाख ६७ हजार ७१ गरी रु. ८ करोड १९ लाख ४३ हजार ७१ वजेट अनुमान गरिएको छ।

(१०) आगामी आ.व. २०८०/०८१ व्ययतर्फ वडास्तरीय योजना तथा कार्यक्रमको लागि रु २५ लाखका दरले रु.३ करोड ७५ लाख विनियोजन गरेको छु।

(११) संघीय तथा प्रादेशिक योजना तथा कार्यक्रमको लागि समपूरक तर्फ रु.१ करोड ३५ लाख विनियोजन गरेको छु।

(१२) विपद व्यवस्थापन तर्फ रु ५० लाख, नगरपालिका नगरकार्यपालिकाको भवनको तल्ला थपको कार्य पूरा गर्नको लागि रु. ८० लाख विनियोजन गरेको छु।

(१३) श्रीनगरमा आधुनिक वसपार्क तथा मल निर्माणको लागि संघीय समपूरक बजेटसहित रु. १ करोड ९० लाख, विनियोजन गरेको छु।

(१४) सबै उमेरका बालबालिकाहरुलाई समतामुलक, सान्दर्भिक तथा गुणस्तरीय शिक्षाका सबैको पहुँच सुनिश्चित गरी सीपयुक्त प्राविधिक दक्ष जनशक्तिको उत्पादन गर्न शिक्षा तर्फ रु.१ करोड बजेट विनियोजन गरेको छु।

(१५) जनताको आधारभूत स्वास्थ्य सेवा नि:शुल्क पाउने अधिकारलाई प्रत्याभूत गर्न स्वास्थ्य तर्फ रु. ५० लाख बजेट विनियोजन गरेको छु।

(१६) सबै जनताको घरदैलोमा बिजुली पुऱ्याउन विद्युतीकरण तर्फ रु. ५० लाख र कर्मचारी कल्याण कोषको लागि रु १० लाख बजेट विनियोजन गरेको छु।

(१७) नगर प्रहरी व्यवस्थापन रु ४० लाख, सूचना प्रविधितर्फ रु ३० लाख, इन्धन तर्फ रु ८० लाख, राष्ट्रिय भलिबल टुर्नामेन्ट रु २५ लाख, सवारी साधन खरिदको लागि १ करोड बजेट विनियोजन गरेको छु।

(१८) वडा कार्यालयको भवन निर्माणको लागि रु ४० लाख, सार्वजनिक निजि साझेदारीमार्फत नगर बस संचालनको लागि २० लाख बजेट विनियोजन गरेको छु।

(१९) जग्गा खरिदको लागि ४० लाख, युवा खेलकुदको लागि रु २० लाख र महिला, बालबालिका अपांग तथा जेष्ठ नागरिक एवम लक्षित समूहतर्फ २० लाख बजेट विनियोजन गरेको छु।

(२०) छाडा चौपाय व्यवस्थापनको लागि २० लाख, कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकासको लागि २० लाख, आर्थिक सहायता तथा सामाजिक सुरक्षाको लागि ३० लाख बजेट विनियोजन गरेको छु।

(२१) स्थानीय भाषा, कला, संस्कृति, सनातन धर्मको संरक्षण, योग तथा ध्यानको लागि १० लाख, कानुनी साक्षरता तथा अभिभावक शिक्षा कार्यक्रम निरन्तरताको लागि १५ लाख बजेट विनियोजन गरेको छु।

(२२) कृषि तथा पशु सेवा विकास कार्यक्रमको लागि ४० लाख, पार्क उद्यान तथा पर्यटन प्रवर्धनको लागि ४० लाख, हाइ मास्ट लाइट विस्तारको लागि २० लाख, नदी तथा खोलामा तटबन्ध निर्माणको लागि २० लाख बजेट विनियोजन गरेको छु।

(२३) कर्मचारी तथा जनप्रतिनिधि एवं नागरिकको बिमाको लागि कार्यविधि निर्माण गरी म्यादी बिमाको लागि ३० लाख, छात्रवृतिका लागि ५ लाख २३ हजार बजेट विनियोजन गरेको छु।

(२४) नगर तथा १५ वटै वडाको प्रोफाइल निर्माणको लागि २० लाख, अध्ययन, अनुसन्धान तथा परामर्श सेवा खरिदको लागि २० लाख बजेट विनियोजन गरेको छु।

(२५) सरसफाई तथा फोहोरमैला व्यवस्थापनको लागि संघिय विशेष अनुदानसहित १ करोड, जिप फ्लायर कार्यको लागि १० लाख बजेट विनियोजन गरेको छु ।

(२६) विद्यालयमा मेयर कार्यक्रमको लागि ५ लाख, खानेपानी मर्मतको लागि १५ लाख, आँखा उपचार केन्द्रको लागि ५ लाख र पत्रकारिता पुरस्कारका लागि २५ हजार बजेट विनियोजन गरेको छु ।

(२७) रोजगार प्रवर्द्धन कार्यक्रम आप्रवासी स्रोत केन्द्र सामी परियोजना तर्फ रु. ६५ लाख बजेट विनियोजन गरेको छु ।

(२८) नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम अन्तर्गत उत्थानशिल विकास सम्बन्धि तोकिएका क्रियाकलापहरु सन्चालन गर्ने रु. १ करोड बजेट विनियोजन गरेको छु ।

(२९) प्रदेश सरकारबाट प्राप्त हुने प्रदेश सशर्त अनुदान खर्च तर्फ रु. ४ करोड ७६ लाख २८ हजार, प्रदेश समपुरक अनुदान खर्च तर्फ रु. १ करोड ४४ लाख, प्रदेश विशेष अनुदान खर्चतर्फ रु.४० लाख बजेट विनियोजन गरेको छु ।

(३०) रोजगार सूचना केन्द्रतर्फ कार्यालय संचालन तथा प्रशासनिक खर्चतर्फ प्रदेश राजश्व बाँडफाँड रकमबाट २५ लाख ६७ लाख ७१ बजेट विनियोजन गरेको छु ।

(३१) नगर तथा वडा कार्यालयको कार्यालय संचालन तथा प्रशासनिक खर्चतर्फ संघिय राजस्व बाँडफाँडबाट रु.११ करोड ०९ लाख ६७ हजार विनियोजन गरेको छु ।

(३२) संघिय सशर्त अनुदान खर्चतर्फ आवश्यक बजेट विनियोजन गरेको छु ।

**आदरणीय नगरसभा अध्यक्ष तथा नगरसभा सदस्यहरु,**

बजेट तर्जुमा क्रममा मैले यस नगर सभा समक्ष पेश गरेको बजेट निर्माणको क्रममा सुझाव प्रदान गर्ने राजनितिक दल, समाज सेवी, विकास विद, विभिन्न क्षेत्रका विषयगत विज्ञ, राष्ट्र सेवक कर्मचारी निजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा सम्पुर्ण शारदा नगरबासी प्रति हार्दिक धन्यवाद र आभार ज्ञापन गर्दछु ।

आर्थिक तथा सामाजिक विकास मार्फत सम्वृद्धि तथा सुशासन र सामाजिक न्याय प्रत्याभुत गर्दै समुन्नत शारदा नगरपालिका निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद ।